# भूकम्पपछि समृद्ध नेपाल निर्माणका आधारहरू



**केशव प्रसाद वडाल**
अध्यक्ष
राष्ट्रिय सहकारी संघ लि. नेपाल

आम रूपमा भूकम्पले सबैलाई प्रभावित गरेको छ। देशका राष्ट्रपति भवन, प्रधानमन्त्री कार्यालय, सर्वोच्च अदाल, आर्मि हेडक्वाटर, राष्ट्र बैंक, प्रहरी प्रधान कार्यालय देखि लिएर सर्वसाधारणका घर पनि भत्किएको छ। मध्यमाञ्चल, पश्चिमाञ्च र पूर्वाञ्चलका थेर थोर ५० जिल्लालाई प्रभावमा पार्‍यो। २५ जिल्लामा निकै धेरै क्षति गर्‍यो। १४ जिल्लालाई पुरै आफ्नो लपेटामा लियो। ५ लाख भन्दा बढी घर पुरै ध्वस्त भए, अरू ३ लाख घर बस्न नहुने गरी चर्किए, भत्किए। हजारौ स्कूल, कलेज विद्यालय, महाविद्यालयहरू क्षतिग्रस्त भए। नेपालको पहिचान बनेर स्थापित स्मारकहरू, मठमन्दीरहरू, ऐतिहासिक घरोहरहरू ढले, कति चर्किए भत्किए। कतिपय मठ मन्दिरका गजुर मात्रै ढल्किए, कतिको जगजिलो ध्वस्त भए। यो महाभूकम्पले कुनै निल्ला वा नगर वा गा.वि.स. को सिमारेखा हेरेन सबैतिर ध्वस्त बनायो। कुनै जात, भाषा, धर्म, संस्कृति र राजनीतिक आस्थाका कारण फरक गरेन, सबै तिर उस्तै उस्तै रूपले क्षति बनायो। धेरै मन्दिर, गुम्बा, चैत्य, मस्तिज, चर्चहरू सबै ध्वसं पार्‍यो। करिव ९ हजारको ज्यानै लियो। २२ हजार भन्दा बढी घायल भए, अपाङ्ग भए। सबैभन्दा पीडाको विषय लगभल ६०० जति वालवालिकाको ज्यान लियो। मृत्यु हुनेमा वहुसंख्यक महिलाहरूको ज्यान लियो। वृद्धवृदा अपाङ्गता भएका व्यक्तिहरूको ज्यान लियो। यसमा पनि जव जव विपत्तिहरू आउँछ सबै भन्दा बढी विपन्न वर्गमाथि नै प्रहार गर्छ । चाहे बाढि पहिरो होस्, चाहे सुनामी आओस्, चाहे सितलहर आओस्, चाहे चरम गर्मिका कारण लुहु चलोस् सबै भन्दा बढी तल्लो वर्गका श्रमजीवी जनतामाथि सबैभन्दा बढी प्रहार गर्दोरहेछ। दुर्गम क्षेत्रलाई प्रहार गर्दोरहेछ। भारतमा ऐले आन्द्रप्रदेश र तेलंगाना राज्यमा लुहु चलेको छ। पछिल्लो तथ्याङ्क अनुसार २,००० को ज्यान गईसकेको छ। त्यस्मा ९० प्रतिशत अत्यन्त गरीव परिवारका सदस्य परेका छन्।

नेपालमा आएको महाभूकम्पले १४ जिल्लाका अति प्रभावित, २५ जिल्ला प्रभावित सबै जोडेर लगभग ५० जिल्लालाई असर गरेको छ। ८० लाखभन्दा वढि नागरिक यो पीडामा, चपेटामा परेका छन्। त्यस्मा पनि सबै भन्दा वढी पीडा प्रभावित जिल्लाका अति दुर्गम गा.वि.स र भेगका जनतालाई परेको छ। जहाँ भूकम्पले भएको कच्ची बाटो सुख्खा पहिरोले विगारिदियो। हेलिकप्टर रोक्न सक्ने ठाउँ छैन। मोवाईल चार्ज गर्ने लाईन टुट्यो। सम्पर्कका सबै माध्यम ध्वस्त भए। ती भेग, वस्ती र गा.वि.स. का जनताले समयमा उद्दार तथा राहत पाउन सकेनन्। समयमा पुनरस्थापना र पुनरव्यवस्थित हुन पाएका छैनन। त्यहि ठाउँमा घरी घरी आएको पराकम्पनले थप क्षति गरिरहेको छ।

गोरखाका लाप्राप्क वार्पाक, ध्याल्चोक, गुम्दा, कोरोजा, कारिगाउँ, मावु, चुमिल लगायतका गाउँहरू, धादिङ्गका लापा, सेर्तुङ, तिप्लीङ, रिगाउँ, झार्लाङ, दार्खा, सत्यदेवी, मूलखर्क, गुम्दी लगायतका गाउँहरू, सिन्धुपाल्चोकका निभ्बुध्याग्मुल, वरूवा, भोताङ गोल्चे, गुम्वा, लिस्तीकोट, फूलपिङकट्टी, मर्मिङ पाङताङ, बरामची, गुसाकोट, थाङपालकोट, किउल, लगर्ने, सेलाङ, वरामची लगायतका गाउँहरू, रसुवाका लाङटाङ, टिमुरे, गतलाङ, चिलिमे, गोल्जुङ लगायतका गाउँहरू, नुवाकोटका वर्सुनचेत, किन्ताङ, साल्के, भाल्चे, काउले, गेर्खु, वागेश्वरी, ध्याङफेदि लगायतका गाउँहरू, दोलखाका लामवगर, आलम्पु, विगु, लादुक, वुलङ, खारे, गौरीशंकर, मार्बु, झयाकू, सुरि, सुन्द्रावति लगायतका गाउँहरू, काभ्रे जिल्लाका भूसाफेदा, बेखसिम्ले, सापिङ, वनखु, डाडागाउँ लगायतका गाउँहरू, मकवानपुरका, तार्सिकोट, जैसिताल, चरिडाँडा, लगायतका क्षेत्रका जनताले समयमा उद्दार तथा राहत पाउन कठिन भएको कुरा सर्वविदितै छ। उक्त स्थानका कयौं वस्तिहरू फेरि बस्न लायक छैनन्। तिनको पुनस्थापना गर्न जरूरी छ। कैयौ गा.वि.स. मा मृत्यु धेरै भएको, घर पुराका पुरा ध्वस्त भएको भएपनि भूकम्प प्रतिरोधात्मक घर बनाएर बस्न मिल्ने छ भने कतिपय गाउँमा हाल मानवीय क्षति कम भएको भएपनि त्यो स्थानमा पुन बस्ति बस्न नमिल्ने अवस्थामा छ। यस्तो असुरक्षित बस्तिलाई बन अन्तरगत लगेर बन अन्तगरगत भएका तर बस्न योग्य स्थानमा बसाउनु पर्छ।

यो धर्ति मानवका लागि हो, मानवको जीवन रक्षा गर्नु, सुरक्षित स्थानमा व्यवस्थित बस्ति विकास गर्नु अत्यन्त चुनौतिपूर्ण काम हो। तर पनि नगरी नहुने काम हो। यसका लागि राष्ट्रिय संकल्प, अठोट र आँट चाहिन्छ। यसका लागि राष्ट्रिय सहमतिको लागि सबै तयार हुनुपर्छ।

माथि उल्लेखित भएका अत्यन्त कष्टकर जीवन विताइरहेका जनतालाई सुरक्षित स्थानमा बस्ने हक छ। त्यो हक स्थापित गर्न हामी सबै तयार हुनुपर्छ। विकटमा बस्ने जनताको पक्षमा सम्पूर्ण राष्ट्र एक हुनुपर्छ। राष्ट्रिय प्रयास र अन्तर्राष्ट्रिय सहयोगी हातहरू पनि त्यस्मा उदार मनले लाग्नु पर्छ।

माथि चर्चा भएकै छ, भूकम्प कुनै जिल्लाको राजनीतिक सिमा हेरेर आउने होइन, झट्ट हेर्दा चितवनमा भूकम्पले धेरै क्षति गरेको जिल्लामा पर्दैन तर त्यहि चितवन जिल्लाको दारेचोक, चण्डभञ्जायङ, कविलास, दाहाखानि, काउले, शक्तिखोर लगायत ९ वटा गा.वि.स. पुरै ध्वस्त भएका छन्। त्यस्तै अति प्रभावित नभनिएका लम्जुङ, तनहुँ, स्याङ्जा, कास्की, पर्वतमा पनि धेरै घर ध्वस्त भएका छन्।

उता पूर्व तर्फ पनि ओखलढुंगा, सोलु लगायत धेरै गाउँहरू क्षतिग्रस्त भएका छन्। यसकारण राहत, पुननिर्माण र पुनस्थापना कार्यक्रम लागु गर्दा क्षतिकै आधारमा राहत लानुपर्छ। यसतर्फ सबै सम्वद्ध पक्ष गम्भिर हुनै पर्छ।

यो महाभूकम्पले सहकारी क्षेत्रलाई भयानक क्षति पुऱ्याएको छ। राष्ट्रिय सहकारी संघ अन्तर्गत २० वटा केन्द्रीय संघ र राष्ट्रिय सहकारी बैंक, जिल्ला संघ र विषयगत जिल्ला संघ गरिकन ३०० वटा संघहरू छन्। सबै संघहरूको विस्तृत जानकारी प्राप्त गर्ने क्रममै छ। प्राप्त भएको पछिल्लो विवरण निम्नानुसार छन्:

- वचत तथा ऋण सहकारी संघ/संस्थाका २८० जना सदस्यहरूको मृत्यु भएको छ भने ४५ हजार १ सय ७८ घर भत्केका छन्। त्यस्तै २९३ कार्यालय भवन भत्केका छन् भने १२ करोड ३८ लाख ६९ हजार ३७ रूपैयाको भौतिक क्षति भएको छ।
- साना किसान तथा कृषि सहकारी संघ/संस्थाका ४९० जना सदस्यहरूको मृत्यु भएको र ९२५ जना घाईते भएका छन् भने ८५ हजार घर भत्केका र १ लाख ४५ हजार पशु पंक्षिहरूको मृत्यु भएको छ। त्यस्तै ७२ वटा कार्यालय भवन तथा १८ वटा संकलन केन्द्रहरू भत्केका छन् भने ७ करोड २० लाखको भौतिक क्षति भएको छ।
- दुग्ध सहकारी संघ/संस्थाका १०८ वटा कार्यलय भवन र ३८ वटा संकलन तथा प्रशोधन केन्द्र भत्केका छन्। सदस्यहरूका १३ हजार ७ सय ५० वटा गाई भैसीको मृत्युभएको छ भने ४ करोड २८ लाखको भौतिक क्षति भएको छ।
- कफी उत्पादक सहकारी संघ/संस्थाका ५६ जना सदस्यको मृत्यु भएको छ भने १३३ जना घाईते भएका छन्। ७ वटा कार्यालय भवन र ३० वटा संकलन तथा प्रशोधन केन्द्र ध्वस्त भएको छ भने १८.८ टन प्रशोधित कफी पनि नासिएको छ। २३ करोड ८६ लाख ६९ हजार ३७ रूपैयाको भौतिक क्षेति भएको छ।
- चिया उत्पादक सहकारी संघ/संस्थाहरूका ३९ सदस्यको मृत्यु भएको छ भने १ वटा कार्यालय भवन भत्केको छ। ३ लाख ५० हजार रूपैयाको भौतिक क्षति भएको छ।
- तरकारी तथा फलफूल सहकारी संघ/संस्थाहरूका ३ जना सदस्यको मृत्यु भएको छ भने १८ जना घाईते भएका छन्। त्यस्तै १० वटा कार्यालय भवन र ६ वटा संकलन केन्द्र पनि ध्वस्त भएका छन्। १ करोड ६३ लाख रूपैयाको भौतिक क्षति भएको छ।
- जुनार सहकारी संघ/संस्थाहरूका २ जना सदस्यको मृत्यु भएको छ भने ३०१ जना घाईते भएका छन्। त्यस्तै ११ वटा कार्यालय भवन र ६ वटा प्रशोधन केन्द्र क्षति भएको छ। १५ करोड रूपैयाको क्षेति भएको छ।
- मौरीपालन सहकारी संस्थाहरूका ५०० घार मौरी नष्ट भएको छ भने ५२ लाखको भौतिक क्षति भएको छ।
- संचार सहकारी संस्थाहरूका ५ वटा कार्यालय भवन भत्केको छ भने १० वटा रेडियो स्टेशनमा क्षति पूगेको छ। २ करोड ७५ लाख रूपैयाको क्षति भएको छ।
- वहुउद्देश्यीय सहकारी संस्थाका ४ जना सदस्यहरू घाईते भएका छन् भने ५ वटा कार्यालय भवन भत्केका छन्। ४९ लाख ३७ हजार रूपैयाको भौतिक क्षेति भएको छ।
- अन्य सहकारी संघ/संस्थाहरूका ३० जना सदस्यको मृत्यु भएको र ६५ जना घाईते भएका छन्। त्यस्तै ६ वटा कार्यालय भवन र ७ वटा गोदाम/संकलन/प्रशोधन केन्द्रमा क्षति पुगेको छ भने ५३ लाख ३७ हजार रूपैयाको भौतिक क्षेति भएको छ।

महा भुकम्पले हालसम्मको प्राप्त तथ्याङ्क अनुसार ९०० जना सदस्यको मृत्यु भएको, १ हजार ४ सय ४६ जना घाईते भएको, ५ सय १८ कार्यालय भवन भत्केको, १ सय ५ वटा गोदाम/संकलन/प्रशोधन केन्द्रमा क्षति पूगेको र ६८ करोड ६९ लाख ६२ हजार ७४ रूपैयाको भौतिक क्षति भएको छ।

यसरी राज्य, निजी क्षेत्र, सहकारी र सार्वजनिक क्षेत्रको भयानक क्षतिबाट उठ्न, आफ्नो गाउँ, टोल, जिल्ला र राष्ट्रलाई उठाउन हामी सबै नेपाली एक भएर, निःस्वार्थ रूपले कठोर मेहनत गरेर उठ्न उठाउन लाग्न जरूरी छ। अव हामिले गर्नुपर्ने कार्यहरूलाई निम्नानुसार उल्लेख गरिएको छ।

- प्रधानमन्त्रीको अध्यक्षतामा अधिकार सम्पन्न, दक्ष प्राविधिक र योजनाविद भएको अथरिटी आवश्यक छ।
- भूकम्प प्रतिरोधात्मक भवन निर्माणका लागि स्थानिय उपयुक्त र व्यवहारिक प्रविधि र पैसा घरसम्म पुऱ्याउने जसको आधारमा निर्माण कार्यलाई प्राथमिकता दिनुपर्छ।
- भूप्रविधि इन्जिनियर समेतको सहयोगमा भूउपयोग नीति निर्माण गरी कडाईका साथ लागु गर्नुपर्छ।
- असुरक्षित क्षेत्रको बस्तिलाई वनमा परिणत गरी बस्न योग्य बन क्षेत्रमा वा सार्वजनिक क्षेत्रमा ती असुरक्षित क्षेत्रमा जनताको बसोवास जीवीकाको व्यवस्था गर्नुपर्छ।
- स्कूल, अस्पताल बनाउछु भन्नेलाई निश्चित मापदण्ड बनाए वनाउन दिनुपर्छ।
- क्लस्टर वनाएर आवास बनाउछु भन्नेलाई सम्झौता गरेर गुणस्तर, अवधि, आधार सहितको बनाउन दिनुपर्छ।
- मानविय सहायता खुल्ला गरेपनि विकास सहायता राज्यले तय गरेको सर्तमा वनाउन दिनुपर्छ।
- हाम्रा युनिभर्सिटिहरूलाई राष्ट्रनिर्माणका यावत क्षेत्रको अनुसान्धान र विकास साझेदारको रूपमा काम गर्न प्रोत्साहन गर्नुपर्छ।
- समृद्ध नेपाल निर्माण गर्न १० खर्बको कोष निर्माण गर्नुपर्छ।
- त्यो कोषका लागि सम्पूर्ण नेपालीले गच्छे अनुसार १०० देखि अर्ब रूपैयासम्म योगदान गर्न आधार सहित प्रोत्साहन गर्नुपर्छ। अन्तर्राष्ट्रिय डोनरहरूलाई पनि दिल खोलेर योगदान गर्न प्रस्ताव गर्ने आँट गर्नुपर्छ।
- तुरून्तै १० लाख वण्डल जस्ता उपलब्ध गराउनु पर्छ।
- २०० वटा हेभी डोजर, २०० वटा स्काभेटर, १०० वटा ठूला क्रेन, १०० वटा ढलान काट्ने मेसिन व्यवस्था गर्नुपर्छ।
- कम्तिमा १०,००० टन ग्याल्वनाइज तार मगाउनु पर्छ।
- प्रत्येक गा.वि.स. र नगरको हेरक वडामा एक इन्जिनियर, एक अधिकृत र एक नासु तहको जिम्मेवार कर्मचारी खटाउनुपर्छ।
- यसका लागि सहकारी, निजी र राज्यका सबै अंगलाई साझेदार बनाएर अघि बढ्नु पर्छ।

उक्त व्यवस्थालाई कार्यन्वयन गर्न सम्पूर्ण नेपाली एक भएर अघी वढ्नु पर्छ। हामी हाम्रो देशलाई सम्वृद्ध नेपाल निर्माण गर्न सक्छौं। यसको पूर्वसंकेतहरू देखिन थालेका छन्।